# भौगोलिक समालोचना : एक विमर्श

- डा सञ्जय राई
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार** – प्रस्तुत शोध पत्रमा 'भौगोलिक समालोचना (जिओ क्रिटिसिज्म)-बारे विमर्श गरिएको छ। उत्तरआधुनिक साहित्य सिद्धान्त एवम् विकासशील अन्य सिद्धान्तगत संवाद (डायलग)-का रूपमा देखिने विमर्शमध्ये 'भौगोलिक समालोचना' एउटा महत्त्वपूर्ण क्षेत्र हो। यसको आधार प्रमुख रूपमा अवकाशीय सिद्धान्त (स्पेसियल थिअरी) भए तापनि विस्तारका उर्ध्वमुखी र ऋजुमुखी अवलम्ब धेरै छन्। भौगोलिक शास्त्र (जिओ पोयटिक्स) जस्ता अवधारणा र संयोजनको नैसर्गिक चिन्तन, पर्यावरणीय आलोचना, सांस्कृतिक आलोचना, इतिहासशास्त्र, तुल्यताबोधी अध्ययन आदिका द्वन्द्वात्मक अवकाश, अन्तराल र तार्किक अवस्थान आदिले भौगोलिक आलोचना संश्लेषित तथा प्रतिसारित बनेको तथ्यबारे यहाँ विमर्श गरिएको छ। यस शोध पत्रमा भौगोलिक समालोचनाका अन्य विस्तार, जस्तै - तेस्रो अवकाश (एडवर्ड सोजा, होमी के भामा), साहित्यिक भूगोलको अवस्थानिक सिद्धान्त (लोकेसनल थिअरी), इन्द्रियानुभूतिमूलक भूगोल (सेन्सियुअस् जिओग्राफी-पल रोडावे)-को सांवेदनिक अवकाश र प्रभाव आदिका औचित्य सङ्केत मात्र गरिएको छ। 'भौगोलिक समालोचना'को विषय क्षेत्र विमर्शका रूपमा विकासशील रहेको छ र यस शोध पत्रमा त्यही संवादात्मक अवस्थालाई प्रस्तुतु गर्ने प्रयास भएको छ।

**बीज शब्द** - भौगोलिक समालोचना (जिओ क्रिटिसिज्म), भौगोलिक काव्यशास्त्र (जिओ पोयटिक्स), अवकाशीय सिद्धान्त (स्पेसियल थिअरी), पर्यावरणीय आलोचना, सांस्कृतिक आलोचना, इतिहासशास्त्र, तुल्यताबोधी अध्ययन, तेस्रो अवकाश, अवकाश, अन्तराल।

## १ विषय प्रवेश

'भौगोलिक समालोचना' अङ्ग्रेजीमा चलेको 'जियोक्रिटिसिज्म'को नेपाली अनुवाद हो। उत्तरआधुनिक विश्वको सदा चलयामान रूपलाई, साहित्यमा विविध अवकाश र अन्तराल अनुरूप निर्धारण गर्ने साहित्यको आलोचनात्मक गुण वा चरित्रलाई 'भौगोलिक समालोचना' मानिएको छ।

उन्नाइसौँ र बीसौँ शताब्दीका विविध दार्शनिक, राजनैतिक, सांस्कृतिक, साहित्यिक कला सिद्धान्तका उद्भावना र तिनका अभ्यासपछि अवकाशको आलोचनात्मक सिद्धान्तले साहित्य तथा संस्कृतिगत अध्ययनतर्फ ध्यान दिन थाले पछि नै भौगोलिक समालोचनाको पनि विकास भएको हो (ट्याली, इ सं पृ-११३)। यस कारण भौगोलिक समालोचनालाई तुल्यताबोधी ज्ञान मण्डल अन्तर्गत परअनुशासनात्मक सौन्दर्य चेतना अनि समाजबोधद्वारा परिवर्तनशील अवकाशलाई सुनिश्चित गर्ने उत्तरआधुनिक साहित्य विमर्श मान्न सकिन्छ।

भौगोलिक समालोचनाको अवधारणा निर्माण गर्ने कार्य फ्रान्सबाट बर्टन्ड वेस्टफलले इ सं १९९० का दशकमा सुरु गरे अनि यस सिद्धान्तलाई अमेरिकाली विद्वान् रबर्ट टी ट्यालीले विस्तार गरे। यो सिद्धान्त अद्यतन र

नौला दिशातिर बढ्दै आएको छ। उन्नाइसौँ शताब्दीको सङ्कथनमा मानव दर्शन कला, इतिहास र तिनका क्रमिक विकासद्वारा प्रभावित थियो। बीसौँ शताब्दीमा जीवनको सङ्कथन 'अन्यको अवकाश' हो भन्ने धारणाद्वारा लक्षित बन्यो। यही विचारको प्रतिसन्धिबाट भौगोलिक समालोचनाको विकास भएको हो।

## ३ भौगोलिक समालोचनाको परिचय

उत्तर संरचनाकालका अन्यतम विद्वान् अनि अवकाश सिद्धान्त र भौगोलिक समालोचना सिद्धान्त अघि देखापरेको प्रतिसन्धि निर्णायक मोडका स्रोत आलोचक माइकल फकल्टले प्रतिक्रिया दिँदै यस प्रकारका अवस्थामा 'अवकाश प्रतिक्रियाशील र जड हुन्छ तर इतिहास अनि घटनाक्रम सदा परिवर्तनशील हुन्छ' भनेका छन् (फकल्ट, इ सं १९८२)। दोस्रो विश्वयुद्धपछि इ सं १९६० का दशकबाट उठेका लौकिक साहित्य सिद्धान्त र उत्तरपरिवेशवादी तथा उत्तरआधुनिक सिद्धान्तले पनि अवकाशबारे अस्पष्ट र न्यून रूपमा चर्चा गरेको पाइन्छ। अवकाश स्थिर, निर्जीव, मूक र वर्णित मात्र होइन, यो काल जतिकै सम्पन्न, उत्पाद्य र सवाक् हुन नसके पनि यसको पुनर्निमिति र परिवर्द्धन चाहने संरचनावादी जस्तै पछिल्ला कालमा अवकाशलाई साहित्यको सैद्धान्तिक ढाँचामा वास्तविकतासँग सम्बन्धित राखेर हेर्ने दृष्टिकोणको विकास भयो। अवकाशको सिद्धान्तले साहित्यमा एक महत्त्वपूर्ण स्थान ओगट्यो।

भौगोलिक समालोना सिद्धान्तको प्रस्तावमा बर्टन्ड वेस्टफलले 'इतिहास' र 'घटनाक्रम' साथै सामाजिक संरूप, साहित्यिक पाठको अवकाश र तिनमा रहने अन्तराल, क्षेत्र र स्थान आदिको महत्त्वलाई समेत स्थान दिएर चर्चा गरे। रबर्ट टी ट्यालीले भौगोलिक समालोचनाको काव्यशास्त्र निर्माण गर्न अधिक आलोचनात्मक बनेर भूगोल र विज्ञानका सहयोगमा यसका अध्ययन क्षेत्रको विस्तार गरेका छन्। बर्टन्ड वेस्टफलबाट आधृत विचार अनुसार रबर्ट टी ट्यालीले यस आलोचना पद्धतिलाई साहित्यिक सीमाकरण (लिटरेरी कार्टोग्राफी)-को एउटा उपादन पनि मानेका छन्। अवकाश, अन्तराल र भौगोलिक यथार्थलाई स्थानमाझ मानव विकासको गतिसँग चिन्नु पर्ने आग्रह यस आलोचना पद्धतिले उठाएको महत्त्वपूर्ण अभिभारा हो। भौगोलिक आलोचनाको सन्दर्भमा बर्टन्ड वेस्टफलले चर्चा गर्न थालेकै हाराहारी समयमा स्कटिस कवि केनेथ व्हाइटले भौगोलिक काव्यशास्त्र (जियोपोयटिक्स)-को प्रस्तावना इ सं १९८९-मा राखे। भौगोलिक काव्यशास्त्रलाई मुख्यतया पृथ्वी र यसका संसर्गद्वारा अवस्थित विश्वको अन्तर्सम्बन्ध स्थापना गर्ने शास्त्रका रूपमा परिचित गराइएको छ। केनेथ व्हाइटले इ सं १९८९-मा अन्तर्राष्ट्रिय भौगोलिक काव्यशास्त्र संस्थान (इन्टरनेशनल जियोपोएटिक्स् इन्स्टिट्यूसन)-को स्थापना गरे। यसमा पृथ्वी विज्ञान (अर्थ साइन्स), पर्यावरण विज्ञान तथा चेतना साथै मौसम विज्ञानका सारा शाखा अनि ती सम्बन्धित विशेषताहरू एकत्रित भएर कार्य गर्ने गर्दछन्। पृथ्वी विज्ञानका (अर्थ साइन्स) जन्मदाता हेरी हेसले इ सं १९६२-मा समुद्री वेसिनको इतिहासमाथि एउटा लेख लेखेर यसलाई ‘भौगोलिक कविताबारे लेख’ (एन एसे इन जियोपोएट्री) भन्ने विशेषण पनि दिए। यही लेखले पृथ्वी विज्ञान शाखाको महत्त्वमाथि प्रकाश पार्दै 'भौगोलिक काव्यशास्त्र' शब्दको प्रचलन पनि व्यवहारमा फैलायो। भूगोल, विज्ञान र मौसम विज्ञानको योगद्वारा पर्यावरण चेतनाको विकास गराउन पृथ्वी विज्ञानको योगदान रहेको छ। यस्तो कार्य गर्नामा साहित्यको सहयोग लिने कार्य भौगोलिक काव्यशास्त्रले गर्दछ। यसर्थ भौगोलिक काव्यशास्त्र र पर्यावरण विज्ञान आदिका कार्य जैविक तथा जीवमण्डलीय सुरक्षा प्रति उत्प्रेरणा हो भने समध्वनिक भौगोलिक समालोचनाको कार्य, दिशा र महत्त्व यसभन्दा भिन्न छ।

रबर्ट टी ट्यालीको 'कार्टोग्राफी' शब्दको लक्ष्य लुई म्यारिनले सङ्केतजन्य तथा तकनिकी रूपमा उपयोग गरेको 'युटोपिया' जस्तै रहेको छ (ट्याली, इ सं २०१३)। बर्टन्ड वेस्टफलले भौगोलिक समालोचना अन्तर्गत विविध आलोचनात्मक अभ्यास अन्तर्भुक्त हुन सकोस् भन्ने उद्देश्य राखेका छन्। उनले भौगोलिक समालोचनामा विभिन्न

पद्धति, प्रणाली र पाठलाई ध्यानमा राख्दै विषयगत रूपमा प्रजाति (रेस), नृजातिगतता (एथ्नोसिटी), इतिहासबद्ध लैङ्गिकता (जेन्डर लिङ्क टु हिस्ट्री) आदिलाई समेट्न खोजेका छन्। भौगोलिक समालोचना उत्तरआधुनिक विश्वको मानव सङ्कथनमा देखापरेका विविध परिवर्तनगामी दिशाहरूको समवेत/समाविष्ट र संश्लिष्ट अध्ययनको अद्यतन प्रणाली हो। यसको मुख्यो आधार साहित्य हो।

## ३ भौगोलिक समालोचनाको परिभाषा एवम् विशेषता

भौगोलिक समालोचनाले अवकाशको अवधारणा र अवकाशको प्रतिनिधित्वबिचको सत्ताबारे पनि अध्ययन गर्दछ। अवकाश सम्बन्धी अध्ययनले समग्र भौगोलिक समालोचनालाई उत्प्रेरित गर्दछ। भौगोलिक समालोचनाले पाठ, बिम्ब र सांस्कृतिक आदान प्रदानको अन्तर्सम्बन्धद्वारा अनुकृत कलाको व्यवस्थासँगै मानव अवकाशलाई उदृक्त बनाउँछ।

बर्टन्ड वेस्टफल – "भौगोलिक समालोचनाले अन्य समालोचना सिद्धान्तद्वारा भन्दा अधिक अवकाशीय अध्ययनद्वारा छेकिएका अन्य अवकाशको शक्ति सम्बन्धलाई उद्‌धाटन गरेको छ। भौगोलिक समालोचनाले मूलतः नयाँ सीमाङ्कित क्षेत्र (कार्टोग्राफी,) स्थान र वैश्विक अवकाशबारे चेतनामूलक व्याख्या तथा सिद्धान्त स्थापन गरिदिँदछ।"

बर्टन्ड वेस्टफल अनुसार भौगोलिक समालोचना भाषिक पाठभित्र अवकाशका रूपमा रहेको अन्तराल (इन्टरस्टिसस्)-लाई विस्तार गर्ने उपयोगिताको एउटा उपगमन (एपरोच) हो। भौगोलिक समालोचना अवकाशको चिन्तन र स्वतन्त्र परिप्रेक्ष्यसँग गाँसिएको छ। अवकाशको समालोचना सिद्धान्त र अन्य उन्मुक्त विचारधारा नै भौगोलिक समालोचनाका पृष्ठभूमिमा उत्प्रेरक बनेर बसेका छन्।

भौगोलिक समालोचनालाई 'सामाजिक अन्तराल' (क्रिस्टन रोज), 'ऐतिहासिक अनुभवलाई भौगोलिक रूपमा जाँच गरिने दिशा' (एडवर्ड सइद), 'भूराजनैतिक सौन्दर्यशास्त्र' (फेडरिक जेप्रेसन), 'गाँउ र सहरको अध्ययन' (रेमन्ड विलियम) आदि विशेषण र गुण भएको साहित्य पद्धति मानिएको छ। रबर्ट टी ट्यालीले भौगोलिक समालोचनालाई उत्तर संरचनावाद र मिखाइल बाख्तिनको क्रोनोटप आदिको सार हुन सक्ने सङ्केत गर्दै 'अवकाश र मानचित्रीकरण' माथि प्रकाश पार्नु यसको मुख्य उद्देश्य तथा विशेषता रहेको छ भनेर उल्लेख गरेका छन्।

इ सं १९७०-का दशकमा फ्रान्सबाट धेरैवटा सिद्धान्तले शिर उठाए। यस कारण दर्शनशास्त्र, समाजविज्ञान र नृतत्त्व विज्ञानका क्षेत्रमा गतिशील अवकाश र अध्ययन प्रणालीको स्थापना भयो। तीमध्ये माइकल फकल्टको 'विषमस्थलीयता' (हेटेरोटोपियास), गिल्स डिल्युज र फेलिक्स ग्वाटरीको विक्षेत्रीयकरण (डिटेरिटोरियोलाइजेसन) को प्रक्रिया, हेनरी लेफबको 'अवकाशको अनुकल्पना उत्पाद' (प्रोडक्सन अव् स्पेस हाइपोथेसिस) सिद्धान्त आदि मुख्य हुन्। उपर्युक्त सैद्धान्तिक अनुकल्पना नै भौगोलिक समालोचनाको आधारमा मुख्य रूपले उपस्थित छन्।

इ सं १९८०-का दशकमा उत्तरआधुनिक कालका विद्वान् जिन बुड्रिलई, ब्रेन म्याक्हेल आदिले फ्रेडरिक जेमेसन साथै अन्य पुराना सिद्धान्तकारका चिन्तनलाई उज्यालोमा ल्याए। यसै क्रममा 'उत्तरआधुनिक भूगोलको सिद्धान्त' (डेनिस कसग्रोभ, ग्रेगोरी) साथै 'तेस्रो अवकाश सिद्धान्त' (एडवर्ड विलियम सोजा)-ले युगान्तकारी भूमिका निर्वाह गरेका छन्। यी सिद्धान्त नै भौगोलिक समालोचनाका बलिया आधार हुन्।

उत्तरआधुनिक साहित्य सङ्कथनको चिन्ताधाराका रूपमा सक्रिय उपर्युक्त सिद्धान्त सबैसँग भौगोलिक समालोचनाको अन्योन्याश्रित सम्बन्ध छ।

भौगोलिक समालोचनामा यिनै सिद्धान्त र क्षेत्रका परअनुशासनात्मक (क्रस डिसिप्लिनेरी) संयुक्ति रहेको छ। यस अवस्थाले भौगोलिक समालोचनालाई अवकाशको साहित्यगत अध्ययन गर्न प्रेरित गर्दछ। यस्तो प्रक्रियाले अन्ततः साहित्य अध्ययनका क्रमलाई वैश्वीकरण (ग्लोबलाइजेसन)-को सिद्धान्त नजिक पुऱ्याउँदछ। यद्यपि यस्तो संयोग र प्रक्रिया देखापरे तापनि भौगोलिक समालोचना 'तुलनात्मक विधिको साहित्य सिद्धान्त' (इमेजेलोजी) भन्दा फरक हुन्छ।

बर्टन्ड वेस्टफलले भौगोलिक समालोचनालाई प्रथम दृष्टिले हेर्दा अन्तर्अनुशासनात्मक क्षेत्र जस्तो लागे तापनि यसको प्रक्रिया त्यस्तो हुँदैन भनेका छन्। यो विषमजनीन उपयोगितावादी स्थिति नभएर विविध र स्वतन्त्र अनुशासनमाझ सन्तुलित सम्बन्ध निर्माण गर्ने अवस्था हो। भौगोलिक समालोचना अन्तर्गत साहित्य अध्ययन, भौगोलिक नगरीयवाद (अर्बनिज्म), पुरातत्त्वशास्त्र, समाजशास्त्र, नृतत्त्वशास्त्र आदिको समागम पाइन्छ। यसले तुल्यतावादी चिन्ता (कम्प्यारिटिविस्टिक कन्सर्न) मात्र राख्दछ। यो पारम्परिक तुलनात्मक साहित्य अध्ययनको पुनरुक्ति होइन। भौगोलिक समालोचनामा विविध पाठ, ज्ञानानुशासन, सिद्धान्त र चिन्ताधाराबिच रहने अवकाशको अवधारणा साथै काल अनि स्थानले ओगटेको अवकाशको स्थिति अध्ययन गरिन्छ। भौगोलिक समालोचनाको प्राक् सन्दर्भ र आधारमा अवकाशकै अध्ययन देखिँदा यो परअवकाशकीय सिद्धान्त जस्तो पनि लक्षित भएको पाइन्छ।

माइकल फकल्ट, हेनरी लेफब्र, पल जुमथ्र, एडवर्ड विलियम सोजा आदिले  भौगोलिक समालोचनाबारे अध्ययन गर्दा यस सम्बन्धित अवकाशका अन्तराल तथा विस्तारबारे विशद् विवेचना गरेका छन्।

माइकल फकल्ट, हेनरी लेफब्र, पल जुमथ्र, एडवर्ड सोजा आदि विद्वान्ले भौगोलिक समालोचनाबारे चर्चा गर्दा अवकाशको सिद्धान्तलाई प्रमुख आधार मानेका छन्। उनीहरूका अध्ययनद्वारा अवकाश सिद्धान्तले  केवल वास्तविकता र आख्यानात्मक समय बिचको सम्बन्ध मात्र हेर्दैन भन्ने स्पष्ट हुन्छ। संरचनावादी पाठ विमर्शले 'पाठ बाहिर केही हुँदैन',  'पाठ पाठ हो' भनेको तथ्यलाई अवकाश सिद्धान्तले 'पाठ केवल पाठ होइन' भनेको छ। पाठले विश्वलाई एउटा नयाँ सौरमण्डलको प्रतिरूप प्रदान गर्न सक्छ जहाँ केही सत्य, केही कम सत्य अथवा अत्यन्त आलोचनात्मक सत्य विद्यमान रहन्छन्। वास्तवताको नव्य परिभाषा अन्तर्गत सत्य, भ्रम र आख्यानात्मकताले आफ्ना स्वरूप र भूमिकालाई पाठमा प्रस्तुत गर्दछन्। यसर्थ उत्तरआधुनिक सन्दर्भमा पाठको अवकाशमा एउटा विषमजनीन वैश्विकता उपलब्ध हुन्छ र विषमजनीय एउटा संयुक्ति र प्रस्तुति भौगोलिक समालोचनाको महत्त्वपूर्ण सरोकार हो। भौगोलिक समालोचनाले पाठको संयुक्तिलाई केवल पाठीय शास्त्रीयता (टेक्स्टोटेरी) नमानेर थोमस पावेलको 'सम्भावित विश्व सिद्धान्त' (पसिबल वर्ल्ड थिअरी) को प्रस्तावना समकक्षमा राख्दछ। भौगोलिक समालोचनामा वस्तुगत सन्दर्भ र कलात्मक प्रस्तुतिमाझ रहने सम्बन्धलाई सदा पुनर्विचार गर्नुपर्ने दिशा चलयामान रहन्छ।

## ४ अवकाशको विमर्श र भौगोलिक समालोचनाका आधार

अवकाशीय सिद्धान्तले  विश्वका अधिभोक्ता (अक्युपेन्ट )-को स्थिति (स्टेटस्) तथा तिनका सन्दर्भबारे चिन्तन गर्दछ। यसका धेरैवटा परिप्रेक्ष्यमध्ये 'निरीक्षण' एवम् 'निरीक्षित'का विषय मुख्य छन्। अर्थात् अवकाशको अधिभोक्तागत

अवस्थानको प्रतिमान सत्तामूलकता (अन्टोलजिकल)-मा भन्दा अधिक परागततापूर्ण (एनटोमोलजिकल) स्थितिमा आश्रित रहँदछ।

परागततापूर्ण स्थिति भन्नाले विषय (प्रथम पुरुष) र वस्तु (अन्य पुरुष) माझको फरक हो। आफ्नो परिचयको अवस्थालाई अन्य पुरुषले प्रथम पुरुषको परिवेशमा चित्रित (डेलिनेट) गर्न खोज्दा नै अवकाशको द्वन्द स्पष्ट हुन्छ। यिनै सङ्घर्षपूर्ण स्थितिले वस्तु (अदर)-का निम्ति विदेशज (एक्जोटिक्) साँचाको निर्माण गर्दछ। यसले अवपरिचयनको चिन्तन र शक्तिसम्पन्नताबिच रहने अन्तराललाई समानन्तर देखाउँदछ। परम्परागत रूपमा विषय देशज (वन) परम्परागत र वस्तु विदेशजलाई (अदर्स) तुल्यतावादी अध्ययनमा यस्तो निरीक्षणले ती वस्तुगततालाई अल्पसङ्ख्यकको निजी चिह्न मानेको छ। अर्थात् वस्तु बहुसङ्ख्यकको एउटा भाग हो जसलाई विषयले सानो कार्य भूमिका दिएको हुन्छ अथवा त्यो वस्तु कुनै गतिको अनुकरण हो। यसो हुँदा उत्तरउपनिवेशवादी अध्ययनले विचारको एककेन्द्रिक दृष्टिकोणलाई अर्को समान्तरिक केन्द्रद्वारा शिथिल बनाउने चुनौतीपूर्ण कार्य गर्दछ। यस प्रक्रियाले विषयगतता (अदरनेस)-लाई विस्मृत बनाएर विषयको विलयनलाई बचाउने प्रयास गर्दछ।

के यस्ता बहुविध अन्तराललले अवकाशलाई टुक्राएका छन्? के तिनलाई मेटाउन सकिन्छ? के सार्वभौमिकतालाई लघुपथित (सर्ट सर्किट) बनाउन सकिन्छ? के सार्वभौमिकतालाई यिनै विविध प्रश्न तथा कारणले विषमजनित दृष्टिकोणद्वारा हेर्न सकिन्छ? यस्ता प्रश्नसँग भौगोलिक समालोचना अघि बढेको छ।

यस सन्दर्भमा बर्टन्ड वेस्टफलले राखेका विचार पूर्णत: विवेचनीय छन्। भौगोलिक रूपमा ठुलो स्वरूपको (ओभरसाइज्ड) बनिसकेको समाज यी आलोचनाका विषयका रूपमा उपयुक्त छ भन्ने विचार मननयोग्य छ। एउटा संस्कृतिलाई सर्वव्यापी ठानेको हुनाले मानव समाजमा साहित्य र त्यसका संस्कृतिलाई यसले ढाकिसकेको अवस्था छ। यो सार्विक समस्या हो। यस कारण संस्कृति र कला विशेष गरी साहित्यलाई यस शताब्दीमा नयाँ उत्तरदायित्व थपिएको छ। जसरी प्राचीन ग्रिकमा इतिहास र साहित्यलाई एउटै मानिन्थ्यो। होमरको ओडिसीमा साहित्य, इतिहास, भूगोल, धर्मविज्ञान, नृतत्त्वशास्त्र र अरू धेरै थोक पनि मिसिएको थियो। त्यसै परिप्रेक्ष्यमा नयाँ शताब्दीमा भौगोलिक समालोचनाले साहित्यलाई विश्वको सङ्कथन बनाउने दिशातिर विस्तार बढाइरहेको छ। एक प्रकारले 'विश्व साहित्य' (डिस्कोर्स इन द वर्ल्ड) भन्न सकिने आधार भौगोलिक समालोचनाद्वारा मात्रै तयार हुन सक्छ। रबर्ट टी ट्यालीको विवेचनामा विश्व साहित्य भन्नाले पूर्णतः वैश्विक भएर सम्भावित केन्द्रबाट स्वतन्त्र बन्नु पर्दछ। वास्तविक जीवनको सन्दर्भ (रेफरेन्ट)-सँग गाँसिएर तिनलाई स्वतन्त्र रूपमा सत्ताकेन्द्री भई आधुनिक समाज सम्बन्धित वैश्विक सङ्कथन (ग्लोबल डिस्कोर्स) बनाउनु पर्छ।

## ५ भौगोलिक समालोचनाको विर्मशका विषय

बर्टन्ड वेस्टफलले भौगोलिक समालोचनालाई साहित्यिक पाठ अन्तर्गत समय र अवकाशमाझ चलायमान रहने अन्तर्सङ्गतिको अध्ययन गर्ने पद्धति अथवा सिद्धान्तका रूपमा परिचित गराए। रबर्ट टी ट्यालीले भौगोलिक समालोचनालाई साहित्यका निम्ति एउटा भव्य उपगमन ठाने। सांस्कृतिक सङ्कथन, पुरातत्त्व, नागरिक अध्ययन, सिनेमा, दर्शनशास्त्र, उत्तरनिवेशवादी सिद्धान्त, लैङ्गिक अध्ययन, भूगोल अनि साहित्यिक समालोचना आदिद्वारा भौगोलिक समालोचना परिपोषण हुँदछ। भौगोलिक समालोचनाले साहित्यको अवकाशलाई बहुविध चेतनामा विस्तारित गराउँदछ। बर्टन्ड वेस्टफेल अनुसार भौगोलिक समालोचनाका मुख्य सैद्धान्तिक विमर्श निम्न क्षेत्रसँग प्रत्यक्ष एवम् परोक्ष रूपमा रहेका हुन्छन् –

(क) बहुकेन्द्रीकरण (मल्टिफोकलाइजेसन)

(ख) बहुसंवेदनात्मकता (पोलिसेन्सोरियालिटी)

(ग) विन्यस्त दृष्टिकोण (स्टेट्रोग्राफिक भिजन)

(घ) अन्तर्पाठात्मकता (इन्टरटेक्स्टुअलिटी)

(क) विभिन्न दृष्टिविन्दुद्वारा साहित्यगत अवकाशको निर्माण अथवा तिनलाई चिह्नित गर्नु भौगोलिक समालोचनाको बहुकेन्द्रीकृत विषय क्षेत्र हो।

(ख) वास्तवमा अवकाश दृष्टिकोणबाट मात्र आधृत नभई गन्ध, ध्वनि आदिद्वारा पनि निर्मित र चिह्नित हुन्छ। बहुसंवेद्यतर अनुभूत पनि भौगोलिक समालोचनाको एउटा विशेष क्षेत्र हो।

(ग) विषयक्षेत्र (टोपोस्) को संज्ञानद्वारा अर्थका विविध तहलाई छिचोल्नु पर्ने हुन्छ। अर्थलाई विसीमाकृत तथा पुनर्सीमाकृत गर्नु पर्ने हुन्छ। विन्यस्त दृष्टिकोणद्वारा ती विकसित हुन्छन्।

(घ) पाठगत अवकाशले स्वयम्को प्रसारलाई आवश्यक रूपमा अभ्युद्देशात्मक बनाई अन्य अवकाशलाई साहित्य तथा इतर वास्तवतालाई एकाअर्कामा प्रासङ्गिक बनाएको हुन्छ। अन्तर्पाठात्मकता अन्तर्गतका सम्बन्धमा भौगोलिक समालोचनाले विन्यस्त अध्ययन प्रस्तुत गर्दछ।

भौगोलिक समालोचनाको विषय क्षेत्र र विमर्शका विस्तार अध्ययन गर्ने क्रममा गिल्स डिल्युजले यसलाई 'भौगोलिक दर्शनशास्त्र' पनि भनेका छन्।

## ६ भौगोलिक समालोचनाका तीनवटा मौलिक अवधारणा

क) स्थानकालिकता (स्पेसियोटेम्पोरलिटी)

ख) अवकाशीय आलोचनाले लौकिक काललाई परिहार्य ठान्न सक्दैन।

ग) अतिव्यवहारवादिता (ट्रान्सग्रेसिविटी)

कुनै पनि प्रस्तुतिको रूप औपचारिक र स्थिर हुँदैन। डिल्युजले भनेको विक्षेत्रीयकरण (डिटेरिटोरिअलाइजेसन)-को प्रक्रिया जस्तै प्रस्तुति अथवा अभिव्यक्तिको विशेषता सदावर्त तरल नै रहन्छ। यही नै प्रस्तुति अथवा अभिव्यक्तिको चिह्नारी पनि हो। कुनै कविले आफ्नो काव्य सङ्कथन यही विशेषताका कारण निर्माण गर्न सक्दछ।

**निर्देशात्मकता अथवा सन्दर्भात्मकता** (रेफ्निसियलिटी)

कुनै पनि प्रस्तुति वा अभिव्यक्ति सान्दर्भिक विश्वसँग जोडिएको हुन्छ। प्राक्सन्दर्भ र परिवर्त्य काल सन्दर्भ नै प्रस्तुतिका निम्ति अवकाश लिएर उभिँदछ।

## ७ भौगोलिक समालोचना र यसका सहवर्ती अन्य जानानुशासन

माथि नै उल्लेख गरिए अनुसार भौगोलिक काव्यशास्त्र, भौगोलिक समालोचना र परिवेश विमर्श जस्ता साहित्यिक अध्ययनका उच्च आधुनिक मानदण्ड समध्वनिक तथा समरूपीय लाग्दा छन्। यद्यपि तिनका आधारभूत भेद साम्य स्पष्ट गर्न निम्न तालिकामा ध्यान दिन आवश्यक हुन्छ-

तालिका १. भौगोलिक काव्यशास्त्र, भौगोलिक समालोचना, परिवेश विमर्श अनि भौगोलिक समालोचनाबिच भेद-साम्य

| **भौगोलिक काव्यशास्त्र** | **भौगोलिक समालोचना** | **परिवेश विमर्श** |
|---|---|---|
| थालनी इ सं १९८९ | थालनी - इ सं १९९० | थालनी - इ सं १९९० |
| थालनीकर्ता - केनेथ व्हाइट | थालनीकर्ता - बर्टन्ड वेस्टफल | थालनीकर्ता - एलिसन वी वासेल |
| जीवमण्डल (बायोस्फेयर), काव्य र काव्यशास्त्रको गुच्छमा केन्द्रीभूत। | अवकाशको अवधारणात्मक र तात्त्विक उपस्थितिको अन्तर्सङ्तिमूलक विमर्श। | यसले स्थल र त्यसप्रति मानवको आत्मीय अनुभवलाई लेख्छ। |
| जीवनप्रति पर्यावरणजनित दृष्टिकोण र विश्वसंस्कृतिको निर्माण एवम् संयुक्ति। | परअनुशासनात्मकताको उपस्थिति। | मौसम, जलवायु, जीवजन्तु, माटो, हावा, चट्टान, आगो, हिउँ, खनिज र तीसँगै संयुक्त मानव इतिहासलाई लेख्छ। |
| 'काव्यिक आत्मा भएको भूगोल'को अभिकल्पना। | बहुदृष्टिकोणको चेतना। | भूकाव्यशास्त्र जस्तै हो तर यो आफ्नो सिद्धान्तप्रति धेरै जागरुक छ। |
| स्पष्ट सैद्धान्तिक भुइँको कमी। | उत्तर उपनिवेशवाद, लैङ्गिकता, विषमजनीनता, पुरातत्त्वशास्त्र, समाजशास्त्र आदिको समाविष्ट प्रभाव। | संरचनावादी युगपछि सर्वाधिक रूपमा यसले सन्दर्भजन्य वास्तवताको प्रतिफलन साहित्यमा गर्ने दिशाप्रति उत्सुकता बढाएको छ। |
| विशृङ्खल विचार प्रतिपादन गर्ने प्रस्तावना भनेर आलोचना गरिएको सिद्धान्त। | तुल्यतावादी चिन्तन र दृष्टिकोण। प्रतिपादित अवधारणालाई आलोचनात्मक विस्तार गराउने विद्वान् रबर्ट टि ट्याली। | |

## ८ भौगोलिक समालोचनाका अन्य अभिलक्षण

भौगोलिक समालोचनाले विशेष लक्षण आफ्ना प्राक – सन्दर्भगत सिद्धान्त र विमर्शबाट प्राप्त गरेको हो। अवकाशीय सिद्धान्त , तुल्यतावादी विमर्श तथा भौगोलिक काव्यशास्त्रमा अन्तर्निहित ज्ञानानुशासनका क्षेत्रबाट सिञ्चित र प्रेरित भौगोलिक समालोचनाका अभिगम्यता एवम् विस्तार आजको सन्दर्भमा विस्तृत तथा गहन विषय बनेको छ। भौगोलिक समालोचनाका उपागम यी दिशातिर हाँगिएको पाइन्छ –

(क) बहुकेन्द्रीकरण
(ख) बहुसंवेद्गात्मकता
(ग) भूकेन्द्रिक अभिगमन
(घ) अन्तर्अनुशासनात्मक अभिगम्यता
(ङ) विन्यासदृष्टि

अवकाशीय आलोचना व्यक्ति केन्द्रिक हुन्छ। अवकाशलाई अध्ययन गर्ने तुल्यतावादी आलोचनाले 'अन्य दृष्टि' 'अपरिचित दृष्टि', 'परिवेश', 'सांस्कृतिक द्वन्द' लाई पनि अध्ययन गर्दछ। यसर्थ तुल्यतावादी आलोचनाले अवकाशलाई अन्तर्चित्रात्मक उपलब्धिको (हेटोरोइमेज) दिशामा हेर्दछ। अवकाशलाई अध्ययन गर्ने तुल्यतावादी, परिवेशविमर्शवादी अथवा भौगोलिक काव्यशास्त्र बाहेक भौगोलिक समालोचना पनि मुख्य अभिगम्यता हो।

अवकाशको अध्ययन गर्न भूकेन्द्रिक अभिगम्यतालाई भौगोलिक समालोचनाले प्रमुख बाटो बनाएको छ। यसमा अध्ययन र चर्चाको केन्द्रमा स्थानलाई राखिन्छ। 'आज रमिता छ' र इन्द्रबहादुर राईका लेखकीय माथि प्रकाश नपारेर दार्जिलिङमाथि दृष्टिकोण विस्तारित गरिन्छ -इतिहास, भ्रमणकर्ता, रिर्पोट लेख्ने, गजेटिंयर, युद्ध, रैथानेका आफ्ना व्याख्यान (न्यारेटिव) मिथक, कविता, नाटक, उपन्यास अन्य लेखकहरूका दृष्टिकोणलाई प्रमुखता दिएर अध्ययन गरिन्छ। यद्यपि अवकाशीय सन्दर्भ चाहिँ विश्लेषणको आधार हुन्छ। इन्द्रबहादुर राईका साहित्यिक कर्मलाई भन्दा उनका स्थान अथवा परिस्थितिलाई महत्त्व दिइन्छ।

भूकेन्द्रिक अभिगमका दिशा तुल्यतावादी (इमेनेलजी) को अध्ययन भन्दा विपरीत छ। भौगोलिक समालोचनामा यस्ता सामान्य विकल्पले विशेष परिणाम ल्याउँदछ। यसले वैपिरत्यको वैधता खोजी गर्दछ। यही प्रभाव प्रमुख विषय हो। के भूकेन्द्रिक अभिगम व्यवहार्य छ ? वास्तविकता र त्यसको प्रतिनिधित्व गर्दछ ? यही प्रमुख प्रकृतिबारे उठ्ने संशय अपरिहार्य छ। भूकेन्द्रिक अभिगमको सिद्धान्तले अवकाशलाई कुनै पनि कोणबाट हेर्ने पद्धतिको प्रयोगमा स्वतन्त्रता प्रदान गर्दछ। यस्ता कोणले सम्पूर्ण क्षेत्रलाई परिभाषित गरिदिन्छ। भौगोलिक समालोचनाले यिनै गतिशील दिशामा अवकाशको चारित्रीकरणतिर अभिप्रेरण लिदँछ।

भूकेन्द्रिकताले व्याख्या गर्न खोजेको परिवेश परिवर्तन (अवकाशको कोणबाट) को रुढिवद्धता अनि विदेशीयता अनर्थक र असामान्य दूरदेशीय आकर्षणसँग उपस्थित हुन्छ, त्यसको गुणवत्ताले कसरी हेर्ने? तुल्यतावादी अध्ययनले दिग्दर्शक अथवा सन्दर्भकलाई ध्यान दिँदैन तर लेखकले वास्तविकताको अनुलेखन गरेको दिशामा मात्रै ध्यान दिन्छ। वस्तु र अवकाशको प्रतिनिधित्वलाई भूकेन्द्रिक अभिगमले सन्दर्भक राखेर अध्ययन गर्दछ।

## ९ भौगोलिक समालोचनाका प्रणालीगत रूपरेखा

भौगोलिक समालोचना भूकेन्द्रिक अध्ययन हो, अहम्-केन्द्रिक होइन। यसले वैश्विक (जियो-सेन्ट्रिक) अवकाशलाई प्रतिनिधित्व गर्दछ - व्यक्तिको अवकाशलाई होइन। भौगोलिक समालोचनागत अध्ययन कुनै एउटा सहर, क्षेत्र, प्रान्त आदिलाई लिएर हुनसक्छ। यो लेखकले ब्यवस्थापन (ट्रिटमेन्ट) गरेको स्थान विशेषको अध्ययन होइन। स्थान विशेषप्रतिको व्यापक दृष्टिको प्रसरलाई कुनै एक दृष्टिविन्दुबाट हेर्ने सुविधा भौगोलिक समालोचनामा उपलब्ध हुँदैन। यसका मुख्य तीनवटा प्ररिप्रेक्ष्य छन् – (क) अन्तर्जात (एन्डोजिनियस), (ख) बहिर्जात (एक्जोजिनियोस) (ग) परनिषेचनजन्यता (अलोजिनियस) आदि। यी तीन विविध केन्द्रविन्दुका सङ्करण (हाईब्रिडाइजेसन) ले पाठमा (साहित्यमा) विषयगतता (अदरनेस) लाई सापेक्षीकृत (रिलेटिभाइज) रुढिवद्धता (स्टेरोटाइप्स) लाई चिन्हित

गराउँछ। भौगोलिक समालोचनाले चेतना तथा संज्ञान (सेन्सेस) लाई प्रोत्साहित गराउँछ। स्थलगत बहुसंज्ञानात्मक समीपता (पोलिसेन्सियस एप्रोच) लाई वृद्धि गराउँदछ। यसमा स्थानको अर्थ ठोस वा कल्पित अवकाश दुवै हुन्।

धेरैजसो स्थानलाई आँखाले हेरेर अनुभव गरिदँछ तर त्यस संज्ञानलाई ध्वनि, गन्ध, स्वाद र स्पर्शद्वारा पनि बुझिरहेको अवस्था चेतनामा सुसुप्त नै रहेको हुन्छ। भौगोलिक समालोचनाले यी यस्ता ज्यामितिय (अल्पन्तरिक /जियोमोट्रिक) अनि जीवनको दार्शनिक समन्वयनलाई संयुक्त गराउँदछ। यसले जीवनको दार्शनिक समानुपातिकृत काल अनि स्थानकालिक विकासको विन्यासलाई सम्पुष्ट गराउँदछ। भौगोलिक समालोचनाले स्थानलाई कालिक गहनतामा स्थापित गराउँदछ। यसले अनेक तह (मल्टिलेयर्ड) मा बसेको अस्तित्व अथवा परिचयको सन्धान गर्ने क्रममा विषमजनीन अवकाशको कालिक विविधतालाई प्रकाशमा ल्याउँदछ। अवकाशीय आलोचनाले वर्तमानलाई अतुल्यकालिक / असहकालिक अवस्थाको रूपमा प्रकट गराउँदछ किनकि कालप्रतिको हाम्रो दृष्टिकोण सबैसँग एउटै रूपमा मिल्छ भन्ने छैन। उदाहरण – दुईजना व्यक्तिमाझको संवादलाई बुझौं :

व्यक्ति १ - कति बज्यो ?

व्यक्ति २ -रात परिसक्यो।

यहाँ समयको अवस्थानलाई प्रश्नकर्ता र उत्तरकर्ताल दुई भिन्न तहमा राखेर व्यवहार गर्दछन्।

साहित्यमा पनि यस्तो अवस्थानको मानचित्रीकरण भएको उदाहरण धेरै पाइन्छ :

१ . 'बालासन खोलामाथि एउटा पुल बनेको छ। यसैमा मेरो जन्मसाल लेखिएको छ'।

२. 'खानामा सिङ्जरो उम्रिसक्यो'।

३.'घाम तीन जुआ माथि उक्लिसक्यो'।

४.'अस्पताल कहाँ छ? यहाँबाट पाँच मिनटमा पुगिन्छ'।

सार्वभौमिकतामा बहुकालिकता विवक्षित अथवा अन्तर्निहित हुन्छ।

## १० भौगोलिक समालोचनाका अन्य अध्येता

### एरिक प्रिएटो

भौगोलिक समालोचनालाई एरिक प्रिएटोले पाठ र विश्व माझको अन्तार्खेल ठाने। साहित्यले विश्वको प्रतिफलन र विश्वबारे हाम्रो ज्ञानलाई आकार मात्र नदिएर यसले स्थानगत इतिहासलाई सकारात्मक आग्रह अथवा प्रतिक्रियाको दिशामा प्रश्नका रूपमा प्रतिसरित र विनिमय गराउँदछ। भूसांस्कृतिक तथा भूसामाजिक स्वरूपमा सुसंगठित कतिपय भौगोलिक कार्य र स्थानका बारेमा साहित्यमा एउटा विशेष काल्पनिक वृत्त (भोकेसन) निर्माण हुँदछ। यस्ता साहित्यिक प्रस्तुतिले तत्सम्बन्धित भौगोलिक कार्य र स्थानलाई विश्वको एक उपाङ्गका रूपमा उपस्थित गराउँछ। उदाहरण- पाब्लो नेरूदाको 'माच्चु पिच्चुको शिखर' र बैरागी काइँलाको 'अभिशप्त पहाड र अविरल बग्ने लिजियाङ नदी' कविता। यिनमा भूगोल, इतिहास, संस्कृतिलाई काल (क्रोनोटोप), स्थान अवकाश आदिले विचित्रको अन्तर्खेल बनाएको देखिन्छ।

बर्टन्ड वेस्टफलको विचारलाई अघि बढाउँदै एरिक प्रिएटोले भौगोलिक समालोचनालाई बृहत् अर्थमा बुझिने र साहित्यिक आलोचनालाई यसबाट अनुप्राणित गराउने अनि यसलाई अन्य खोजी र अनुसन्धानका नयाँ क्षेत्रतिर अभिमुख गराउने कार्य गरे।

**स्टेन पज मसउन्ड**

"The presenting of Place in Literature: Towards an Embodied Topopoetic Mode of reading" शीर्षक लेखमा स्टेनले आफ्नो अध्ययनको नयाँ परिप्रेक्ष्य उद्घाटन गरे। पर-सांस्कृतिक प्रवर्त्तन, आन्दोलन अनि विस्थापन माथि स्थानको विशेष महत्त्व हुन्छ भन्ने स्पष्ट पारे। साहित्य पृथ्वी, स्थान र भाषामाझको आन्तरिक सम्पर्कलाई चिन्हित गर्न स्टेनले उपन्यास (पाठ) को भूभाषा पढ्दै साहित्यलाई भूगोलको रूपमा अध्ययन गर्न सकिन्छ भन्ने धारणा स्थापित गरे। ग्रीकमा भूगोल भन्नाले पृथ्वीको लेखन भनिएको छ। स्टेनले यस विधिलाई भाषा  स्थान लेखन भनेर नामाकरण गरे।  पाठको भाषिकचित्रणले थल र भूपरिदृश्य कसरी साहित्यमा उपस्थित छ भन्ने स्पष्ट पार्दछ। जस्तै -भ्रमरमा सूर्योदयको वर्णन चित्रले स्थल र भूपरिदृश्यलाई हाम्रो संवेदनमा कसरी स्पष्ट पार्दछ र हामी पाठमा वास्तविक रूपले अन्तरालको व्यवास्थापन कसरी भएको रहेछ भन्ने बुझ्दछौँ। पाठपरकता र स्थानको समिश्रित व्यवहार,अभ्यास,चरित्र माथि प्रकाश पार्ने- भैगोलिक काव्यशास्त्र भौगोलिक समालोचनाको परिशिष्ट रूपमा स्थापित  भएको छ।

भौगोलिक समालोचना भन्नाले साहित्यको स्थल जुन लेखक, पाठकले पाठको सहयोगद्वारा अनुभव गरेको मात्र नभएर अन्तराल र पाठकभित्र रहेको स्थानको अनुभव पनि हो। उदाहरण  ‘ हाम्रो सैलुङ कता पर्छ ?’ ‘ए कहाँ हो कहाँ’। कसरी र कुन अन्तरालले विश्वमा हाम्रा अस्तित्वको गुणात्मकता र प्रकृतिलाई स्पष्ट पार्दछ भन्ने कुरोको जाँच भौगोलिक समालोचनाले गर्दछ भन्ने मान्यता एरिक प्रिएटोले व्यक्त गरेका छन्।

## ११ निष्कर्ष

भौगोलिक समालोचना एक निश्चित सिद्धान्त हो तर यो  क्रमागत रूपमा विकासशील छ। भौगोलिक समालोचनाले उत्तर उपनिवेशवादी तथा भूमण्डलीकरणको अध्ययनलाई सघाउँछ। भौगोलिक समालोचनामा अवकाशको अध्ययन भए जस्तै अन्य क्षेत्र जस्तै परीक्षण, सन्धान र उत्खननको निम्ति पनि अनन्त अवसर उपलब्ध छ। सामाजिक अन्तराल (क्रिस्टन रोज), ऐतिहासिक अनुभवलाई भौगोलिक जाँच गर्ने दिशा (एडवर्ड सिइद), भूराजनैतिक सौन्दर्यशास्त्र (फ्रेडरिक जेमेसन), गाउँ र सहरको अध्ययन (रेमन्ड विलियम), उत्तर संरचनावाद र मिखाइल वाख्तिनको काल क्रोनोटोप आदिको सार रूपमा भौगोलिक समालोचना क्रियाशील बनेको छ। रबर्ट टि ट्यालीले अन्तरालको अध्ययन र त्यसको मानचित्रीकरण गर्ने कार्यलाई भौगोलिक समालोचनाको उद्देश्य ठानेका छन्। अवकाश तथा आलोचनात्मक अभ्यासको अन्तर्भूक्ति हुनसकोस् भन्ने उद्देश्य बर्टन्ड वेस्टफल र रवर्ट टि  ट्यालीले व्यक्त गरेका छन्। बर्टन्ड वेस्टफल भौगोलिक समालोचनालाई अन्य आलोचनात्मक अभ्यास तथा विचारसमूह भन्दाभिन्न बनाउन चाहन्छन्। उनी साहित्य, अन्तराल र स्थानका ग्रहणलाई सङ्कुचित बनाउन चाहँदैनन्। विभिन्न पद्धति, प्रणाली र पाठलाई भौगोलिक समालोचनाले आकर्षित गर्दछ। जाति,नृजातियता,लैङ्गिक्ता सम्बद्ध ,इतिहास पनि यसका विषयवस्तु हुन सक्छन्।

बर्टन्ड वेस्टफल अनुसार  वास्तविकताको भूगोल र कल्पनाको भूगोल बीच भौगोलिक समालोचना अधिक क्रियाशील रहन्छ। उपर्युक्त दुईवटा समानन्तर भूगोलले एकाअर्कामा सम्पूरक भई कार्य गर्दछ। जसलाई विकसित र

विस्तारित गराउने प्रचेष्टा आलोचक र आलोचनाले गर्दछ। साहित्यगत वास्तविक र काल्पनिक अन्तराललाई 'विस्तार' गर्नु नै भौगोलिक समालोचनाको लक्ष्य हो। भौगोलिक समालोचनाले सबै प्रश्नका उत्तर दिँदैन, यसले त्यसमाथि प्रश्न नै उब्जाउँछ। भौगोलिक समालोचनाले स्थान विशेषको विस्तार, खोजी, सर्वेक्षण, उत्खनन ,पठन आदि गर्दछ। यसले अन्तरालमाथि  दृष्टि राख्दछ, सुन्छ, स्पर्श गर्छ, गन्ध लिन्छ र स्वाद लिन्छ। भौगोलिक समालोचना अन्तर्गत विजातिय (हेटरोजेनसिटी) अध्ययनको अभ्यास हुदैँन।

भौगोलिक समालोचनाले एकतर्फी परिवेशमा दोस्रो वस्तुको प्रतिनिधित्व मात्र गर्दैन। यदि वस्तुतथ्यात्मक अवकाश ग्राहय सन्दर्भकको रूपमा परिवर्तित बनेको छ भने ती सबै लेखकको निम्ति सामान्य विभाजक बनेका हुन्छन्। वास्तवमा भौगोलिक समालोचनाले लेखकलाई सर्वेसर्वा हुन दिन्छ तर पृथ्वीको केन्द्रमा लामो समयको निम्ति लेखकले स्थान लिन सक्दैन- अवकाश अरू भिन्न क्षेत्रतिर फैलिन्छ। अन्य व्यक्तिक परिचयको प्रतिध्रुवीय सम्बन्धलाई लेखकको नाभिकीय कोण (एकात्मक कार्य) ले आत्मसात गर्न सक्दैन। अवकाशको प्रतिनिधित्व दोहोरो सम्बन्धको सिर्जना हो। यो एक विन्दु देखि अर्को विन्दुलाई हेर्ने एकपक्षीय कार्य मात्र होइन। भूकेन्द्रिक अभिगमन सिद्धान्तले अध्ययन विविध दृष्टिकोणको मतामतलाई आत्मासात गर्दछ , जसद्वारा परिवर्द्धन, विकास र आपसी प्रगति सम्भव हुन्छ।  अवकाशलाई लेख्नु सधैँ एकल कार्य हो तर भौगोलिक समालोचनाले प्रतिनिधित्व  दिने कार्य भने विविध व्यक्ति तथा समूहको अटुट् अनुक्रम हो। एक उन्नत शृङ्खला हो। भौगोलिक समालोचनाले उन्नत र विविध भूगोल निर्माण गर्दछ। रबर्ट र प्यालीले साहित्यमा भौगोलिक अवस्थालाई अद्यावधिक सुरक्षित क्षेत्र (भर्जिन) मानेका छन्। उनले अठारौँ शताब्दीमा गेटेद्वारा वर्णित सिसिलीको भूगोल,काल र अवस्थालाई उदाहरणी मानेका छन्। रबर्ट प्यालीले साहित्यमा सन्दर्भक अथवा निर्देशकलाई अवकाशद्वारा प्रतिसरित अवस्तामा बहुकेन्द्रीकरणका प्राथमिक कारण मानेका छन्। अवकासको पूर्वगामी र परगामी गतिशीलता भौगोलिक समालोचनाको सीमाभित्र निर्धारित र निर्देशित हुँदछ।

## सन्दर्भ


१ Tally Robert T, 2013, **Spatiality**, London, Routledge

२ Tally Robert T (Ed.), 2011, **Geocritical Explorations**, Palgrave, MacMillan

३ Tally Robert T & Christine Battista, 2016, **Eco criticism and Geocriticism**, Palgrave, MacMillan

४ Bertrand Westphal (Trans. R. T. Tally), 2007, **Geocriticism**, Palgrave, MacMillan

५ Emmanuelle Peraldo (Ed.), 2016, **Literature and Geography**, Cambridge, Cambridge Schools Publishing

६ Tally Robert T. (Ed.), 2015, **The Geocritical Legacies of Edward Said**, Palgrave, MacMillan

७ Soja Edward W., 1996, **Third Space**, London, Blackwell, publishers